जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक २०९ २०८२ साल चैत १० गते मंगलबार (24 Mar 2026 Tuesday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

*यस अंक भित्र :* २ पृष्ठमा : विपद्‌बाट बचाउन सहयोगी ... ३ पृष्ठमा : नयाँ मन्त्रीहरूको पर्खाइमा ... ३ पृष्ठमा : इरानले हर्मुज स्ट्रेट पूर्ण ...

# लामखुट्टे नियन्त्रणका लागि औषधि छर्किने बारे नगरपालिका र प्रशासन कार्यालयमा ज्ञापन





**दैनिक समाचारदाता राजविराज, ९ चैत ।**

राजविराज नगरपालिका क्षेत्रमा लामखुट्टे नियन्त्रणका लागि औषधि छर्किने कार्यसम्बन्धमा राजविराज नगरपालिका र जिल्ला प्रशासन कार्यालयमा ज्ञापन पत्र बुझाइएको छ।

जेन-जेड युवा नेताहरु तथा सामाजिक अभियान्ताहरुले सोमबार नगरपालिकाका कार्यवाहक प्रमुख इसरत परविन र प्रमुख जिल्ला अधिकारी टुवाराज पोखरेललाई सो सम्बन्धमा ज्ञापन पत्र बुझाएका हुन्।

आधारभूत स्वास्थ्य र सरसफाइलाई स्थानीय तहको एकल अधिकारभित्र स्पष्ट रूपमा समेटिए पनि राजविराज नगरपालिका क्षेत्रभित्र लामखुट्टे नियन्त्रणका लागि औषधि छर्किने कार्य हालसम्म प्रभावकारी रूपमा सञ्चालन नगरिएकोले सर्वसाधारण नागरिकहरू डेंगु, मलेरिया लगायतका गम्भीर रोगको जोखिममा परिरहेको ज्ञापन पत्रमा जनाइएको छ।

राजविराज नगरपालिका कार्यालयद्वारा लामखुट्टे नियन्त्रणका लागि थर्मल फगिङ मेसिन र सोल्जर माउण्टेड २ सेट, थर्मल फगिङ मेसिन भेकिल माउण्टेड २ सेट तथा डेल्टामेथ्रिन १.२५५ युएलभी कीटनाशक औषधि १६७.२० लिटर खरिद गरिएको ज्ञापनमा उल्लेख गर्दै यस्ता सामग्री खरिद भइसकेपछि पनि फिल्डमा प्रभावकारी रूपमा औषधि छर्किने कार्य नदेखिनु थप गम्भीर विषय बनेको ज्ञापन पत्रमा उल्लेख छ।

बुझाइएको ज्ञापनमा "गजेन्द्र नारायण सिंह अस्पताल राजविराजले दिएको तथ्याङ्कमा चालु आ.ब. २०८२/८३ मा गरिएको परीक्षणमा २४ जना डेंगु संक्रमित फेला परेको तथ्यले वर्तमान अवस्थाको गम्भीरता अझ स्पष्ट रूपमा देखाएको उल्लेख छ। जसकारण नगर क्षेत्रमा लामखुट्टे नियन्त्रण सम्बन्धी कार्य अत्यन्त कमजोर रहेको र जनस्वास्थ्यमा प्रत्यक्ष जोखिम उत्पन्न भएको पुष्टि गर्दछ।" उल्लेख छ।

लामखुट्टे नियन्त्रणका लागि

***बाँकी अन्तिम पृष्ठमा***

# भन्सार छलेका मोटरसाइकलसहित किराना सामान भन्सार बुझाइयो





**दैनिक समाचारदाता राजविराज, ९ चैत ।**

भारतबाट भन्सार छलि तथा चोरी पैठारी गरि मोटरसाइकलबाट नेपाल ल्याउदै गरेको विभिन्न किराना सामानहरु सप्तरी प्रहरीले बरामद गरेको छ।

जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिका १ पुर्व पश्चिम राजमार्ग सडक खण्डमा भन्सार छलि तथा चोरी पैठारी गरि ल्याउदै गरिएको १ लाख ८२ हजार ९ सय मुल्य बराबरको मोटरसाइकल र किराना समान बरामद गरेको हो।

ईलाका प्रहरी कार्यालय भारदहबाट खटिएको प्रहरी टोलीले गस्ती गर्ने क्रममा बोरा लोड भएको नम्बर प्लेट

***बाँकी तीन पृष्ठमा***

IMPACT Nepal

## आवश्यकता

अपाङ्गता रोकथाममा समर्पित गैर-सरकारी सामाजिक संस्था यसइम्प्याक्ट नेपालका लागि करार सेवामा सुरक्षित मातृत्व तथा बाल स्वास्थ्य कार्यक्रमका लागि निम्नानुसार पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरुबाट मिति २०८२ चैत्र १६ गते कार्यलय समयसम्ममा आइपुग्ने गरि दरखास्त आह्वान गरिएको छ।

| पद | काम गर्ने स्थान | संख्या | न्यूनतम योग्यता |
|---|---|---|---|
| सामुदायिक स्थलगत कार्यकार्ता (महिला) | राजविराज | १ | CMA/HA |

द्रष्टव्यः
१. उमेर १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको।
२. दरखास्त बुझाउनु पर्ने स्थान :इम्प्याक्ट नेपालको केन्द्रीय कार्यालय माइतीघर काठमाडौं (०१-५३५४६३५, ५३४२९०२) वा इम्प्याक्ट नेपाल कान उपचार केन्द्र मलेठ राजविराज (०३१-५९०००५) वा ईमेल: vacancy.impactnepal@gmail.com मार्फत पनि पठाउन सकिनेछ।
३. सम्पर्क ठेगाना, इमेल, टेलिफोन नं.उल्लेख भएका दरखास्तका साथ नागरिकता, शैक्षिक योग्यता, तालिम, अनुभव तथा प्रशंसा पत्रको प्रमाण-पत्रका प्रतिलिपिहरु साथै हालसालै खिचेको पासपोर्ट साईजको फोटो पेश गर्नु पर्नेछ।
४. रितपुर्वक आवेदन दिएका उमेदवारहरुका अन्तर्वाताको लागी सर्म्पक गरीने छ।
५. अनुभवी तथा स्थानीयलाई विशेष प्राथमिकता दिइनेछ।
६. तलव भत्ता तथा अन्य सुविधा संस्थाको नियमानुसार हुनेछ।

# सेनाले मनाए वार्षिकोत्सव



**दैनिक समाचारदाता राजविराज, ९ चैत ।**

राजविराजस्थित नेपाली सेनाको बरख गणले आफ्नो २४३ औं वार्षिकोत्सव आइतबार साँझ मनाएको छ।

आयोजित कार्यक्रममा मधेश र पहाडलाई भावनात्मक रुपमा जोड्ने विभिन्न सन्देशमूलक गीत, नृत्य र कला प्रस्तुत गरिएको थियो।

कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथी सहायक रथी कृष्णराज आर्चाय (अ.प्रा.) ले नेपाली सेना मधेश-पहाडबीच भावनात्मक सम्वन्ध अझ प्रगाढ बनाउने दिशामा अघि बढेको बताए।

यसका लागी नेपाली सेनाले युवा जनशक्तीमा देशभक्ती एवं राष्ट्रिय एकताको भावना जागृत गराउन विभिन्न गतिबीधी अघि बढाएको उनको भनाई थियो।

उनले अनवरत रुपमा राष्ट्रप्रति जिम्मेवारी वहन गर्दै आएको नेपाली सेनाले शान्ति सुरक्षा तथा विभिन्न प्राकृतिक प्रकोपका बेला विपद व्यवस्थापनमा समेत योगदान गर्दै आएको स्मरण गराए।

कार्यक्रममा सहभागीहरुको स्वागत गर्दै बरख गणका गणपती सोभित बहादुर चन्दले नेपाली सेनाको चेन अफ कमाण्डबाट प्राप्त हरेक निर्देशनको सफल कार्यान्वयन गरिएको उल्लेख गरे।

उनले हालै सम्पन्न प्रतिनीधीसभा निर्वाचनलाई मर्यादित र भयरहितको वातावरणमा सम्पन्न गराउन सेनाले साधन श्रोतले भ्याएसम्म भुमिका खेलेको भन्दै उनले यसमा सघाउने सबैप्रति धन्यवाद र आभार व्यक्त गरे।

कार्यक्रममा गणद्वारा आयोजित खेलकुद प्रतियोगिताका विजयी खेलाडी तथा विभिन्न विद्यामा वर्षका उत्कृष्ट सैनिक जवानहरुलाई ट्रफी, मेडल, प्रमाणपत्र तथा नगद पुरस्कारबाट सम्मानित गरिएको थियो। कार्यक्रममा जिल्लास्थित सुरक्षा निकाय तथा विभिन्न संघ संस्थाका प्रमुखहरुको सहभागिता रहेको थियो।

## बालबालिकालाई लागूऔषध दुरुपयोगबाट बचाऔं।

- लागूऔषध सामाजिक अपराध हो कोही कसैले प्रयोग नगरौं,
- बालबालिकालाई लागूऔषधको प्रयोगबाट टाढा राखौं,
- बालबालिकाको संगतमा ध्यान दियौं,
- लागूऔषधबाट हुने हानि र कानूनी परिणामको बारेमा जानकारी दिऔं,
- बालबालिकासँग नियमित संवाद गर्ने गरौं,
- बालबालिकालाई घरमा माया र समय दिने गरौं,
- विद्यालयमै जीवन उपयोगी शिक्षा दिने गरौं,
- बालबालिकाको सकारात्मक गतिविधिलाई प्रोतसाहन गरौं,

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

# दुबै पक्षको सहयोग र सहकार्य आवश्यक

राजविराज नगरपालिका क्षेत्रमा सडक विस्तार कार्य लामो समयदेखि चर्चामा रहे पनि यसको कार्यान्वयन प्रक्रिया भने सहज र विवादरहित बन्न सकेको छैन । सडक विस्तार सहरी विकासका लागि अत्यावश्यक भए पनि यसलाई सहमतिमूलक, पारदर्शी र व्यवस्थित ढंगले अघि बढाउन नसक्दा स्थानीय तह र जनताबीच अविश्वास बढ्दै गएको देखिन्छ । सडक विस्तारले यातायात सहज बनाउने, दुर्घटना न्यूनीकरण गर्ने र व्यापारिक गतिविधि बढाउने स्पष्ट लाभ छन् । तर, यस कार्यमा प्रभावित घरधनी, व्यवसायी र स्थानीयवासीको उचित व्यवस्थापन तथा क्षतिपूर्ति सुनिश्चित नगरी अघि बढ्दा समस्या उत्पन्न हुनु स्वाभाविक हो ।

नगरपालिकाले विकासको नाममा जबर्जस्ती गर्ने होइन, जनताको सहभागिता र सहमतिमा काम अघि बढाउनु आवश्यक छ । सडक विस्तार जस्तो संवेदनशील विषयमा स्पष्ट मापदण्ड, पारदर्शी प्रक्रिया र समयमै उचित क्षतिपूर्ति सुनिश्चित गर्नुपर्छ । यसले मात्र जनविश्वास कायम गर्न सक्छ । स्थानीयवासीले पनि विकास कार्यमा अनावश्यक अवरोध सिर्जना गर्नु हुँदैन । व्यक्तिगत स्वार्थभन्दा सामूहिक हितलाई प्राथमिकता दिनु जरुरी छ ।

राजविराज नगरपालिकाको सडक विस्तार कार्यलाई सफल बनाउन सरकार र जनताबीच समझदारी, विश्वास र जिम्मेवारीको भावना आवश्यक छ । विकास तब मात्र सार्थक हुन्छ, जब त्यसले सबैलाई समेटेर अघि बढ्छ । तसर्थ संवाद र सहकार्यबाट मात्र दिगो समाधान सम्भव हुन्छ । यसको लागि दुबै पक्षको सहयोग र सहकार्य आवश्यक छ ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# विपद्बाट बचाउन सहयोगी बन्दै पूर्वसूचना प्रणाली

**प्रगति ढकाल**

काठमाडौँ, ९ चैत (रासस) ।

गत शुक्रबार, आकाश अचानक बदली देखियो । घरका छाना नै उठाउने गरी हावा हुरी बेस्सरी चल्यो । चैत महिनाको मौसम पनि चिसो थियो । मुलुकको अधिकांश स्थानमा चट्याङसहितको असिना पानी पऱ्यो । त्यसको दुई दिनअघि मात्रै जल तथा मौसम विज्ञान विभागले ठूलो हावाहुरीसहित वर्षा हुने पूर्वानुमान सार्वजनिक गरिसकेको थियो ।

यो पूर्वसूचना औपचारिक जानकारी मात्र बनेन, व्यावहारिक रूपमा प्रभावकारी सावधानीको माध्यम बन्यो । विभागको सूचनापछि विद्यालयले तुरुन्तै चासो देखाए । कक्षाकोठामा रहेका बालबालिकाहरूलाई समय अगावै घर पठाइयो । अभिभावकहरू सजग बने । कसैले छाता बोके, कसैले आफ्ना छोराछोरी लिन आफैँ विद्यालय पुगे । कार्यालय हिँडेका मानिसहरू साथमा रेनकोट बोकेर निस्किए । सम्भावित जोखिमलाई ध्यानमा राख्दै सर्वसाधारणले देखाएको तत्परताले ठूलो दुर्घटना टार्न मद्दत गऱ्यो ।

पूर्वसूचनाकै आधारमा अनावश्यक रूपमा बाहिर ननिस्किने, यात्रा स्थगित गर्ने र सुरक्षित स्थानमा बस्ने निर्णयहरू भए । यसले ठूलो जोखिम न्यूनीकरण गऱ्यो । हावाहुरी सुरु भएसँगै विभिन्न स्थानमा बिजुलीका पोल ढल्ने, रुखहरू भाँचिनेजस्ता घटनाहरू भने भए । कतिपय ठाउँमा विद्युत् सेवा अवरुद्ध पनि भयो । तर, यस्ता घटनाका बाबजुद मानवीय तथा ठूलो भौतिक क्षति हुन पाएन । यस घटनाले एउटा महत्त्वपूर्ण सन्देश दिएको छ । समयमै प्राप्त हुने विश्वसनीय पूर्वसूचना र त्यसप्रति नागरिक तथा संस्थागत तहको जिम्मेवार प्रतिक्रिया भएमा ठूलो विपद्को असरलाई उल्लेखनीय रूपमा कम गर्न सकिन्छ ।

जल तथा मौसम विज्ञान विभागले गत असोज १७ देखि २० गतेसम्म मुलुकका विभिन्न स्थानमा भारीदेखि अति भारी वर्षा हुने, बाढी-पहिरोको जोखिम रहेको भन्दै जो जहाँ छ, उही सुरक्षित रहन सन्देश जारी गऱ्यो । त्यसपछि अन्य अन्तरसरकारी निकायहरूले विभागको सूचनालाई अनुसरण गर्दै विपद् व्यवस्थापनको पूर्वतयारीका लागि जुट्न थाले । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले उक्त अवधिमा कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका विभिन्न स्थानमा भारी वर्षा हुने सम्भावना रहेकाले लामो दूरीका तथा काठमाडौँ उपत्यकाभित्र सञ्चालन हुने सवारीसाधन आवागमन केही दिनसम्म रोक्ने निर्णय गऱ्यो । उक्त निर्णयले यसपटक बाढीपहिरोका कारण सडक यात्रीहरूको ज्यान जान पाएन ।

विसं २०८१ असोजमा झ्याप्ले खोलामा आएको पहिरोका कारण यात्रुबाहक बस नै पुरिँदा ३५ भन्दा बढीको ज्यान गएको थियो । रातिको समयमा पहिरो खस्दा बुटवलबाट काठमाडौँका लागि छुटेको लु १ ज ४५७८ नम्बरको माइक्रोबस, गोरखाबाट काठमाडौँका लागि हिँडेको ना ४ ख २२७० नम्बरको बस, चितवनबाट काठमाडौँका लागि हिँडेको बा ३ ज १३४५ नम्बरको माइक्रोबस पहिरोले पुरिएको अवस्थामा भेटिएको थियो ।

त्यस वर्ष मौसम विभागले अति भारी वर्षा हुने र सकेसम्म यात्रा नगर्न आग्रह गर्दै पूर्वसूचना जारी गरेर सचेत गराएको थियो । तर विभागको सूचनालाई अन्य सरकारी संयन्त्रले नै विश्वास गरेन । सूचनाको बेवास्ता गऱ्यो । न यात्रुहरूले पत्याए, न सवारीधनीहरूले सूचनाको विश्वास गरेर केही दिन सवारी साधन बन्द गर्न सके ।

गत असार २४ गते रसुवास्थित नेपाल-चीन सीमामा रहेको ल्हेन्दे खोलामा बाढी आयो । बाढीका कारण चीन-नेपालका गरी अहिलेसम्म १९ जना बेपत्ता र सात जनाको मृत्यु भयो । विभागका बाढीविद् विनोद पराजुलीका अनुसार सुप्राग्लेशियर ताल फुट्दा आएको उक्त बाढीको पूर्वसूचना प्रणाली भएको भए अकालमै सर्वसाधारणको ज्यान जाने थिएन । "रसुवा भोटेकोशी नदीमा आएको बाढीसम्बन्धी पूर्वसूचना पाएको भए अकालमै कसैले मृत्यु व्यहोर्नुपर्ने थिएन", उहाँ भन्नुहुन्छ ।

"राडार र बब्लर सेन्सर नदीको आसपासमा जडान गरिएको हुन्छ, पानीको सतह घटबढ भएको सूचना हाम्रो डाटा लगरमा सङ्कलित हुन्छ र कम्युनिकेशन मोडेलबाट हाम्रो वेबसाइटमा सूचना आउँछ", बाढीविद् पराजुली भन्नुहुन्छ, "बाढी आउने सम्भावनालाई विश्लेषण गरेर जिल्ला प्रशासन कार्यालय, प्रहरी, सेना, रेडक्रस, प्रभावित हुन सक्ने समुदायका स्थानीय विपद् व्यवस्थापन समिति तथा प्रतिनिधिहरूलाई सूचना सम्प्रेषण गर्छौं ।"

कहिलेकसो स्थानीय बासिन्दाले बाढीको पूर्वसूचना पाएर बाढी आउने भू-भागतिर नै भाग्ने गरेको बताउनुहुन्छ पराजुली । "जता-जता बाढी आउँछ, उतै-उतै स्थानीय नजाउन् भन्नका लागि हामी पहिल्यै नै तालिम, गोष्ठी तथा समुदाय तहमा गएर जानकारीमूलक कार्यक्रमहरू सञ्चालन गरिरहेका छौँ", उहाँ भन्नुहुन्छ, "विगतलाई फर्केर हेर्दा नेपालमा बाढी नआएको कुनै वर्ष नै छैन । गत वर्ष पनि तराईका केही भूभागहरू बाढीको चपेटामा परे, तर राडार र बब्लर सेन्सर जडान भएको ठाउँमा कुनै मानवीय क्षति हुन सकेन ।"

आजभन्दा १० वर्षअघि वर्षात्को समयमा आकाशबाट परेको अविरल वर्षासँगै कर्णाली नदीमा ठूलो बाढी आयो । बाढीसँगै बर्दियाको राजापुरको अस्तित्व नै बगाइदियो । ६० घर बाढीसँगै बगेर गए । तर ठूलो बाढी आएर पनि त्यहाँका मानिसलाई बगाउन पाएन । धनको क्षति भयो, तर मानवीय क्षति हुन सकेन । सरकारी तबरबाट स्थापना भएका बाढी पूर्वसूचना केन्द्र र प्रणालीले नै त्यहाँका मानिसलाई जोगाएको बताउनुहुन्छ बाढीविद् पराजुली । ती पूर्वसूचना केन्द्र र प्रणाली स्थापना नभएको भए बाढीको चपेटामा परेर अकालमै ज्यान गुमाउनेको सङ्ख्या सयौं नाघ्न सक्थ्यो ।

करिब १० वर्षअघि नै भेरी नदीमा ठूलो बाढी आयो । त्यो बाढीले सुर्खेतको जामु भन्ने बजार नै बगायो । हेर्दाहेर्दै मरुभूमिमा परिणत भयो त्यो बजार । करिब २६ जनाले अकालमै ज्यान गुमाए । कयौँ टुहुरा त कयौँ अपाङ्ग भए । घरबारविहीन त भए नै, तर आफन्त गुमाउनुको पीडा अझै ताजा नै छ त्यहाँका बासिन्दाका लागि ।

अब प्रश्न उठ्न सक्छ, बर्दियामा घर बगायो तर मानिस क्षति भएन र सुर्खेतमा मानवीय क्षति भयो । बर्दियामा बाढी आउँदैछ भनेर सर्वसाधारणलाई सुसूचित गर्ने पूर्वसूचना केन्द्र र प्रणाली जडान गरिएको थियो । बाढीको पूर्वसूचनाकै कारण स्थानीयहरू सुरक्षित क्षेत्रमा सर्न सके । आफ्नो महत्त्वपूर्ण धनमालको संरक्षण गर्न सफल भए, बाढी आउनु अगावै । तर सुर्खेतमा पूर्वसूचना दिने प्रविधि जडान गरिएको थिएन । बर्दियामा झैँ बाढी आउँदैछ भन्ने पूर्वसूचना पाउन सकेको भए सुर्खेतमा २६ जनाले ज्यान गुमाउनु पर्दैनथ्यो ।

विसं २०७१ मा नै बबई नदीमा चार पटक बाढी आएको थियो । त्यहाँ बाढीसम्बन्धी पूर्वसूचना दिने प्रविधि जडान गरिएको थियो । त्यसकारण नदी आसपासका क्षेत्रमा बसोबास गर्ने मानिस बाढी आउनुअगावै सुरक्षित क्षेत्रमा सरेका थिए । सुरक्षित ठाउँमा गएका कारण त्यहाँ मानवीय क्षति हुन पाएन ।


आजभन्दा २० वर्षअघि बाढीको पूर्वसूचना दिने नयाँ--नयाँ प्रविधिको विकास हुन सकेको थिएन । त्यतिबेला सर्वसाधारणले जमिनभित्रका जीवजन्तुबाट पनि अड्कलबाजी लगाउँथे । अब ठूलो पानी पर्न सक्छ र नदीमा बाढी आउन सक्छ भनेर जमिनका सर्प, भ्यागुता, गड्यौला बाहिर निस्कन्थे । अनि सर्वसाधारणले अनुमान लगाउने गर्थे–बाढी आउन सक्छ भनेर । तर यो अनुमान कहिले मिल्थ्यो, कहिले मिल्दैनथ्यो ।

समय परिवर्तनसँगै बाढी कतिबेला आउँला भनेर हेर्नकै लागि अग्ला टावरहरू बनाइयो । टावरमा चढेर उपल्लो भेगका मानिसहरू नदीमा हेरेर बस्थे । अनि ठूलो पानी परेर खोलाको सतह बढ्यो भने तल्लो भेगका मानिसलाई चिच्याएर खबर पठाउने प्रयास गरिन्थ्यो । त्यो पनि भरपर्दो हुन सकेन । बाढी आएपछि तल्लो भेगका मानिसलाई सूचना पुऱ्याउन समय लाग्थ्यो । अनि सर्वसाधारण भाग्न भ्याउँदैनथे । सन् २००८ अघिसम्म मानव-स्वचालित स्टाफगेज (जल सतह मापनयन्त्र) को प्रयोग गर्न थालियो । त्यतिबेला स्टाफगेज हेरेर नदीमा पानीको सतह कतिसम्म पुगेको छ र बाढी आउने सम्भावना छ कि छैन भनेर पत्ता लगाउने गर्थे । बाढी आउने भए स्थानीय प्रतिनिधिहरूलाई आवासेटमार्फत खबर पुऱ्याइन्थ्यो । बाढी आउने सम्भावित क्षेत्रका मानिसका लागि यो प्रविधि पनि छिटो र छरितो बन्न सकेन ।

पूर्वसूचना दिन छिटो र स्वचालित प्रविधिको रूपमा सन् २००० मै विश्वका विकसित देशहरूले राडार र प्रेसर बब्लर सेन्सरको प्रयोग गर्न थालेका थिए । सन् २००५ मा जापानमा भएको संयुक्त राष्ट्रसङ्घको सम्मेलनले बाढी प्रभावित देशहरूलाई बाढीको पूर्वसूचना प्रक्रियालाई छिटो र सहज तरिकाले सम्प्रेषण गर्न राडार र बब्लर सेन्सरको प्रयोग गर्न सुझाव दिएपछि सन् २००८ देखि नेपालमा यो प्रविधिको प्रयोग हुन थालेको हो ।

मौसम विभागले मौसमजन्य विपद्बाट हुने मानवीय क्षति कम गर्न समयमै पूर्वसूचना प्रवाहमा

बाँकी तीन पृष्ठमा


राजविराज नगरपालिका
१२ नं. वडा कार्यालय
राजविराज सप्तरी
मधेस प्रदेश

मिति(Date)२०८२/१२/०४

विषय: कार्यक्रमको प्रस्तावना पेश गर्ने सम्बन्धमा

सूचना। सूचना ।। सूचना ।।

उपरोक्त सम्बन्धमा यस जिल्ला सप्तरी राजविराज नगरपालिकाको चालु आ.व. २०८२/०८३ को वडा स्तरीय योजना अन्तर्गत वडा नं. १२ को योजना/कार्यक्रमको आँखा शिविरको लागि विनियोजित रकम २,००,०००/- अक्षरेपी दुई लाख मात्र सिमा भित्र रहेको नागरिक कार्यक्रमको लागि सम्बन्धित संघ संस्थाले आ-आफ्नो संघ संस्थाको मु.अ.कर प्रमाण पत्र विधान सुविदर्ता प्रमाण पत्र प्रतिलिपि सहितको कार्यक्रमको प्रस्तावना सहित ७ दिन भित्र राजविराज नगरपालिकाको सामाजिक विकास शाखामा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

# नयाँ मन्त्रीहरूको पर्खाइमा सिंहदरबार

मधु शाही/सिर्जना राई

काठमाडौं, ९ चैत (रासस)।

प्रायः मन्त्रालयका गेटदेखि भित्रैसम्म 'इनडोर प्लान्ट' का गमला सजाएर हरियाली पारिएको छ। मन्त्रालयका परिसरहरू पनि फूल रोपेर चिटिक्क देखिन्छन्। कतिपय कर्मचारीहरू मन्त्रीका कार्यकक्ष सजाउन खटिएका छन्। नयाँ मन्त्रीको स्वागतमा सजिएका छन्, मन्त्रालयहरू।

यसै त वसन्त ऋतुमा सिंहदरबारका बगैँचामा फूलहरू ढकमक्क छन्। त्यसैमा अहिलेको सजावटले 'सुनमा सुगन्ध' थपिदिए जस्तै भएको छ। यसो हेर्दा लाग्छ, सिंहदरबारमा फुलेका फुलहरू पनि नयाँ सरकारको स्वागतार्थ लामबद्ध छन्।

निर्वाचनको अन्तिम परिणाम आइसकेको छ र सांसदहरूको शपथ चैत १२ गतेका लागि तोकिएको छ। त्यसलगत्तै सरकार गठन गर्न राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) गृहकार्यमै छ। त्यसैले केही दिनमै बन्ने सरकारको स्वागतका लागि सिंहदरबारभित्र तयारी भइरहेको हो।

गत भदौ २३ र २४ गते जेनजी आन्दोलनका क्रममा आगलागीमा परेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मुहार पनि यसै मेसोमा फेरिँदै छ, सिँगारिँदै छ। मन्त्रालयका सूचना अधिकारी मधुप्रसाद घिमिरेका अनुसार जेनजी आन्दोलनका बेला टेलिफोनका जलेका टेलिफोनका तारहरू व्यवस्थित हुँदैछन्। उहाँले भन्नुभयो, "मन्त्रालय चिरिच्याट्ट बन्दै छ। नयाँ मन्त्रीको स्वागतमा तयार हुँदै छ।"

युवा खेलकुद मन्त्रालयमा पनि नयाँ मन्त्रीको स्वागतका तयार गरिँदै छ। यसैगरी, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय पनि नयाँमन्त्रीसँगै नीतिगत कार्य सम्पादनको पर्खाइमा छ। मन्त्रालयका सहसचिव एवं प्रवक्ता उदयबहादुर रानामगरले कार्यकारी अर्थात मन्त्री नहुँदा नियमित सामान्य कामसमेत प्रभावित भइरहेको अवस्थामा नयाँ मन्त्रीको स्वागत गर्न मन्त्रालयका कर्मचारी उत्साहित रहेको बताउनुभयो।

उहाँले विगतमा जस्तै भौतिक संरचनाको हिसाबले मन्त्रीकक्ष पूर्ण व्यवस्थित नै रहेको सुनाउनुभयो। "मन्त्री हुँदा पब्लिक चहलपहल हुने गर्थ्यो। अहिले सुनसान जस्तै छ," उहाँले भन्नुभयो, "मन्त्रीको प्रतीक्षामा कार्यालयदेखि कर्मचारी रहेका छौँ।"

त्यस्तै, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय पनि जलेको अघिल्लो भाग पेन्टिङ गरेर चिरिच्याट्ट पारिएको छ। मन्त्रालयका एक कर्मचारीले भन्नुभयो, "अब नयाँ सरकार आएसँगै चहलपहल बढ्ला, अहिले त सुनसानै छ।"

मन्त्रालयका सूचना अधिकारी राजु महर्जनले नयाँ मन्त्रीको आगमनसँगै मन्त्रालयमा सेवाग्राहीले चाप बढ्ने हुनाले आवश्यक सबै तयारी सकिएको बताउनुभयो। जेनजी आन्दोलनका क्रममा मन्त्रालयको क्षतिग्रस्त भवनको पुनः निर्माण सम्पन्न भइसेको छ। नियमित प्रशासनिक कामबाहेक नीतिगत मन्त्रिस्तर निर्णयका लागि मन्त्रालय प्रतिक्षारत रहेको उहाँको भनाइ छ।

जेनजी आन्दोलनले पूर्ण रूपमा क्षति भएको मन्त्रालयमध्ये, बेला रामशाह पथमा रहेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय थियो। भवनको क्षति भएसँगै कार्यालय व्यवस्थित बनाउने सङ्घर्षमै रहेको छ।

मन्त्रालयको आधा कार्य कार्यालय अहिले सिंहदबारस्थित अस्थायी टहरामा सीमित छ। यद्यपि आगामी सरकार गठनले ल्याउने स्वास्थ्यमन्त्रीको स्वागत गर्न मन्त्रालय प्रशासन चुस्त छ। मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीका अनुसार भवन जलेपछि स्वास्थ्य मन्त्रालयको आफ्नो स्थायी संरचना छैन। उहाँका अनुसार हालको स्वास्थ्यमन्त्री डा सुधा गौतमले आइतबारदेखि अत्यावश्यक कामबाहेक मन्त्रालयमा नियमित उपस्थित नहुने गरी धन्यवाद दिएर जानुभएको छ। आगामी बजेटको तयारीमा लागेको मन्त्रालयले बेलैमा नयाँ मन्त्रीको स्वागत गर्न पाए प्रभावकारी हुने आशा रहेको मन्त्रालयका प्रवक्ता बुढाथोकीको धारणा छ।

"टहरामा मन्त्रालय चलाउनु परेको अवस्था छ," उहाँले भन्नुभयो, "हाम्रो यति मात्र आशा छ कि बजेटको तयारी गर्दै गर्दा स्वास्थ्यमन्त्री छिटो नियुक्ति भएको खण्डमा पछि पनि सजिलो हुन्थ्यो।"

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव एवं प्रवक्ता नीता पोखरेल अर्यालले नयाँ मन्त्रीको स्वागतका लागि खास तयारी आवश्यक नभएको बताउनुभयो। उहाँले भवन संरचना पूर्ण तयार रहेकाले पनि तयारी आवश्यक नभएको बताउनुभयो। नियमित प्राशासनिक काम सञ्चालन भइरहेको र नीतिगत कामहरू सम्पादन गर्न मन्त्रीको पर्खाइमा रहेको उहाँले सुनाउनुभयो।

## विपद्‌बाट बचाउन ...

सक्रियता बढाएको जनाएको छ। विभागका निमित्त महानिर्देशक डा अर्चना श्रेष्ठले विश्वसनीय र समयमै सूचना प्रवाहले जोखिम न्यूनीकरणमा महत्वपूर्ण योगदान पुर्‍याउने बताउनुभयो।

उहाँका अनुसार जल तथा मौसमको नियमित अवलोकनले पृथ्वीको पानी सञ्चालन प्रक्रिया र वायुमण्डलबीचको अन्तरसम्बन्ध बुझ्न महत्वपूर्ण भूमिका खेल्छ। "यसअन्तर्गत वर्षा, तापक्रम, आर्द्रता, हावाको गति तथा दिशा, नदीको बहावलगायत सूचकहरूको मापन गरिन्छ", श्रेष्ठले भन्नुभयो, "यस्ता अवलोकनका आधारमा मौसम पूर्वानुमान, बाढी पूर्वानुमान तथा पूर्वचेतावनी प्रणाली सञ्चालन गरिँदै आएको छ। यसले विशेषगरी मनसुनजन्य विपद् व्यवस्थापनमा प्रभावकारी सहयोग पुर्‍याइरहेको छ।"

जल तथा मौसम विज्ञान नीति २०८१ ले जल, मौसम, जलवायु तथा हिमसम्बन्धी मापन केन्द्र स्थापना, सञ्चालन, तथ्याङ्क तथा सूचना सङ्कलन, सम्प्रेषण, प्रशोधन, विश्लेशनलगायत नवीनतम प्रविधिको व्यवस्थित प्रयोग गरिने नीति लिएको छ। श्रेष्ठका अनुसार देशभर सञ्चालित ५०० बढी मौसम मापन केन्द्रहरू, २०० बढी जलमापन केन्द्रहरू, थिग्रेनी मापन केन्द्रहरू, हिम केन्द्रहरू, हवाई मौसम मापन केन्द्रहरू, तीन वटा मौसम राडार केन्द्रहरू तथा एक रेडियोसोंड केन्द्रहरूको सञ्चालनमार्फत जल तथा मौसम अवलोकनमा महत्वपूर्ण भूमिका खेलिरहेको छ।

**पूर्वसूचना प्रणालीलाई अझै वैज्ञानिक बनाइने**

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री अनिलकुमार सिन्हाले पूर्वसूचना प्रणालीलाई अझै वैज्ञानिक, प्रभावकारी र पहुँचयोग्य बनाउने सरकारको योजना रहेको बताउनुभएको छ। मन्त्री सिन्हाले विपद् जोखिम न्यूनीकरणका लागि समयमै सूचना प्रवाह मात्र पर्याप्त नभई त्यसको प्रभावकारी सञ्चार उत्तिकै आवश्यक रहेको उल्लेख गर्नुभयो।

उहाँले स्थानीय भाषामा सूचना प्रवाह गर्न सके मात्र समुदाय तहसम्म सचेतना विस्तार हुने बताउँदै जनचेतना अभिवृद्धि अपरिहार्य रहेको औँल्याउनुभयो। "पूर्वसूचना प्रणाली प्रभावकारी बनाउन स्थानीयस्तरमा बुझिने भाषामा जानकारी दिनु जरुरी छ", उहाँले भन्नुभयो।

मन्त्री सिन्हाले अनुसन्धान तथा नयाँ प्रविधिको विकास र प्रवर्द्धनमा विशेष जोड दिनुपर्ने आवश्यकता औँल्याउँदै यस क्षेत्रमा लगानी वृद्धि गर्न सरकार प्रतिबद्ध रहेको जानकारी दिनुभयो। विपद् व्यवस्थापन र पूर्वसूचना प्रणाली सुदृढीकरणका लागि सरकारी तथा गैरसरकारी क्षेत्रबीचको सहकार्य अपरिहार्य रहेको उहाँको भनाइ छ।

**पहिरोसम्बन्धी पूर्वसूचनाको पनि आवश्यकता**

बाढीसम्बन्धी पूर्वसूचनाका कारण जनधनको क्षति कम हुँदै आए पनि नेपालमा पहिरोसम्बन्धी पूर्वसूचनाको विकास पर्याप्त हुन सकेको छैन। विज्ञहरूले पहिरोसम्बन्धी पूर्वसूचनाको विकास जरुरी रहेको औँल्याएका छन्। भूगर्भविद् डा सुबोध ढकालले पहिरोसम्बन्धी पूर्वसूचना विकास हुन सकेमा मनसुनजन्य विपद्‌बाट हुने क्षति कम गर्न सकिने बताउनुभयो।

"बाढीको हकमा कहिले पानी पर्छ, कुन खोलाको पानीको सतह बढ्दै छ भन्ने कुरा जानकारी दिइन्छ, यसले क्षति कम गराएको छ", उहाँले भन्नुभयो, "तर पहिरोमा गाह्रो के हुन्छ भने जमिन कहाँतिर बग्दै छ भन्ने बुझ्न पानीको सतह हेर्नुपर्ने हुन्छ। जमिनभित्र पानीको मात्रा पर्याप्त भएर बाहिर आयो भने पहिरो जान सक्छ भनेर अनुमान गर्न सकिन्छ। यसका लागि पहिरोसम्बन्धी पूर्वसूचनामा लगानी आवश्यक छ।"

## भन्सार छलेका ...

नभएको मोटरसाईकललाई रोक्न खोज्दा सो मोटरसाइकल छाडी मानिस फरार भएको प्रहरीले जनाएको छ।

मानिस फरार भएकोमा बेवारिसे अवस्थामा रहेको मोटरसाईकलमा लोड गरेको बोरा खोली चेकजाँच गर्दा सो भित्र विभिन्न किराना सामानहरु फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

मोटरसाईकल र किराना सामानहरु प्रहरी टोलीले नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय सप्तरीमा ल्याई आवश्यक कारवाहीका लागि भन्सार कार्यालय बुझाईएको प्रहरी प्रवक्ता एवं प्रहरी नायब उपरिक्षक डम्बर बहादुर पुरीले जानकारी दिए।


राजविराज नगरपालिका

३ नं. वडा कार्यालय

राजविराज, सप्तरी

मधेश प्रदेश, नेपाल

पत्र संख्या: २०८१/०८२ मिति: २०८२/१२/०९

चलानी

विषय - नामसारी सम्बन्धमा।

वडा नं ३बाट जारि सुचना

सुचना सुचना सुचना

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी साबिक मलेठ वडा नं ३ बस्ने बाबुजी लाल को नाति जय देव लाल कर्ण को तिन जना छोराहरु वरुण कुमार कर्ण ,अजय कुमार कर्ण र कान्छो छोरा विजय कुमार कर्ण समेत यस वडा कार्यालयमा उपस्थित भई मेरो बुवा जय देव लाल कर्ण को मृत्यु २०७८/०५/२७ गते र आमा शान्ति देवी कर्ण को मृत्यु २०६६/०२/०४ गते आफ्नो कालगती मृत्यु भएको हो निज मृतक को सबैभन्दा नजिक नातेदार हक आपुताली खाने तिन जना छोराहरु रहेको हुदाँ मृतक को नाउमा रहेको तपसिल बमोजिम उल्लेखित जग्गा निवेदकहरु को नाउमा संयुक्त नामसारी गरी पाउ भन्नी यस वडा कार्यालयमा द.नं.१३९ मिति २०८२/१२/०८गते निवेदन पर्न आएको हुदाँ यो सुचना प्रकाशित भएको मिति ले ३५दिन भित्र हक अंश लाग्ने अन्सियार लगायत हक पुग्ने व्यक्ति ले आ-आफ्नो सबुत प्रमाण लिई म्याद भित्र उजुरी गर्न आउंनु होला अन्यथा यो सुचना म्याद समाप्त भई भएमा पछि कोहि कसै को कुनै उजुरी लाग्ने छैन भन्नी स्थानीय सरकार संचालन ऐन मालपोत को नाउमा सिफारिस भई कानुन बमोजिम हुने व्यहोरा अनुरोध छ।

तपसिल

मृतक बुवा को नाउमा दर्तारहेको

| जिल्ला | गा.वि.स/न.पा | वडा नं. | कि.नं. | क्षे.फ |
|---|---|---|---|---|
| सप्तरी | दिघवा | ६क | ४९ | ०-१-१ससिम |
| " | " | " | ३१७ | ०-६-९मधेय |

दक्षिण तर्फ बाट ०-३-११


# विश्व समाचार

## इरानले हर्मुज स्ट्रेट पूर्ण रूपमा बन्द गर्ने चेतावनी

तेहरान, ९ चैत (रासस/एपी)।

मध्यपूर्वमा जारी युद्धको चौथो हप्तामा, अमेरिकाले इरानविरुद्धको चेतावनी जारी गरेपछि इरानले हर्मुज स्ट्रेट 'पूर्ण रूपमा बन्द' गर्ने चेतावनी दिएको छ। स्ट्रेट तेल र अन्य निर्यातका लागि अत्यन्त महत्वपूर्ण छ।

इरानले यदि अमेरिका इरानका पावर प्लान्टहरूमा आक्रमण गर्छ भने तत्काल प्रतिक्रिया स्वरूप हर्मुज स्ट्रेट बन्द गरिने जनाएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले शनिवार साँझ स्ट्रेट खोल्न ४८ घण्टे समयसीमा तोकेका थिए।

इरायली नेताहरूले दक्षिणी इलाकाका दुई समुदायको भ्रमण गरे जहाँ इरानी मिसाइल आक्रमणबाट धेरै मानिस घाइते भएका थिए। प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले कुनै मृत्यु नहुँदा यसलाई 'अद्भुत' बताउनुभएको छ।

नेतन्याहूले इजरायल र अमेरिकाले युद्ध लक्ष्य हासिल गर्न प्रगति गर्दै आएको दाबी गर्नुभयो। यसमा इरानको नाभिकीय कार्यक्रम, मिसाइल कार्यक्रम र हथियारयुक्त समूहहरूको समर्थन कमजोर पार्ने साथै इरानी जनतालाई धर्मनिरपेक्ष शासनतर्फ उन्मुख गर्ने उद्देश्य रहेको छ।

इरानले हर्मुज स्ट्रेटमा प्रभावकारी रूपमा जहाज आवागमन रोकिरहेको छ, तर शत्रु देशहरू बाहेकका जहाजहरूलाई सुरक्षित आवागमनको अनुमति दिएको छ। यो स्ट्रेट विश्व तेल आपूर्तिको लगभग एक-पाँचौं हिस्साका लागि अत्यन्त महत्त्वपूर्ण छ।

इरानी संसदका अध्यक्ष मोहम्मद बाघेर कलीबाफले यदि इरानका पावर प्लान्ट र संरचना निशाना बनाइए, यसले सम्पूर्ण क्षेत्रका ऊर्जा र पेयजल (डिजेलिनेसन) सुविधा प्रभावित हुने चेतावनी दिनुभएको छ।

इरानले आफ्नो मुख्य नाभिकीय समृद्धि केन्द्र नातान्जमाथि गरिएको आक्रमणको प्रतिकार स्वरूप नेगेभ मरुभूमिमा मिसाइल प्रहार गरेको छ। दक्षिण इजरायलको मुख्य अस्पतालले अराद र डिमोना शहरबाट कम्तीमा १७५ घाइते प्राप्त गरेको जनाएको छ।

इजरायलको सुरक्षा बलले हिजोदेखि लेबननमा लक्ष्य सूचीमा पुलहरू समेत समावेश गरेका छन्, जसले शत्रु समूह हिजबुल्लाहको सेनालाई दक्षिणमा सर्न कठिन बनाउनेछ।

## पाकिस्तानद्वारा आतङ्कवाद उन्मूलन गर्ने प्रतिबद्धता

इस्लामाबाद (पाकिस्तान), ९ चैत (रासस/एएफपी)।

पाकिस्तानका विदेश मन्त्री इशाक दारले सोमबार अफगानिस्तानसँगको अस्थायी युद्धविरामको अन्तिम समयमा पाकिस्तान आतङ्कवादको खतरा उन्मूलन गर्न प्रतिबद्ध रहेको बताउनु भएको छ।

अफगानीस्तान र पाकीस्तानले गत बुधबार रमजानको समापन र ईद अल-फितरका लागि एक हप्ताको युद्धविराम घोषणा गरी सोमबार मध्यरातसम्म अस्थायी युद्धविराम गर्न सहमत भएका थिए। विदेश मन्त्री दारले विज्ञप्ती जारी गर्दै पाकिस्तान आतङ्कवादलाई उन्मूलन गर्न दृढ प्रतिबद्ध रहेको बताउनु भएको छ।

आइतबार, तालिबान सरकार र एक चिकित्सा स्रोतले कुनार प्रान्तमा पाकिस्तानले गरेको आक्रमणमा एक जनाको मृत्यु भएको बताएको छ। काबुलले आफ्नो क्षेत्रमा सीमापार आक्रमणको लागि चरमपन्थीहरूलाई शरण दिएको इस्लामाबादको दाबीलाई लिएर अफगानिस्तान र पाकिस्तान महिनौंदेखि द्वन्द्वमा छन्।

तालिबान अधिकारीहरूले भने उक्त दावीलाई अस्वीकार गरेका छन्। गत सोमबार काबुलको लागुऔषध पुनःस्थापना केन्द्रमा पाकिस्तानी आक्रमण पछि ईदको युद्धविराम भएको थियो, जसमा अफगान अधिकारीहरूले ४०० भन्दा बढीको ज्यान गएको बताएका थिए।

फेब्रुअरीमा सुरु भएको झडप खाडी राज्यहरू र चीन लगायतको मध्यस्थता प्रयासहरू बीच निरन्तर चलिरहेको जनाइएको छ। पाकिस्तानको राष्ट्रिय दिवसको अवसरमा प्रधानमन्त्री शाहबाज सरिफले सोमबार अफगानिस्तानमा सैन्य कारबाही आतङ्कवाद विरुद्धको राष्ट्रिय संकल्प उल्लेख गर्नु भएको छ।

## इजरायल विरुद्ध ६० भन्दा बढी सैन्य अपरेसन संचालन : इरानी मिडिया

तेहरान, ९चैत (रासस/एएनआई)।

हिजबुल्लाहले सोमबार २४ घण्टाको समय अवधिमा इजरायली सैन्य केन्द्रहरूलाई लक्षित गरी ६३ वटा सैन्य कारबाही गरेको इरानी मिडियाले बताएका छन्।

हेजबुल्लाहले जारी गरेको विज्ञप्तीलाई उद्धृत गर्दै मिडियाले लेबनानी क्षेत्र र जनताको रक्षा गर्न र इजरायली आक्रमणहरूको प्रत्यक्ष प्रतिक्रियाका रूपमा अपरेसनहरू सुरु गरिएको बताएको छ। अपरेसनमा रकेट र ड्रोन आक्रमण समावेश रहेको बताइएको छ भने लक्ष्यहरू मुख्यतया इजरायली सैन्य केन्द्रहरू सवारी साधन, र सीमा क्षेत्रहरूमा रहेका सैन्य तैनाती केन्द्रहरूमा केन्द्रित छन्।

उत्तरी सहर मालोट-तर्सिहाको एक घरमा हिजबुल्लाहले रकेट प्रहार गर्दा पाँच जना घाइते भएको टाइम्स अफ इजरायलले रिपोर्ट गरे पछि यो घटनाक्रम आएको हो। हिजबुल्लाहले शनिवार उत्तरी इजरायलमा रकेट प्रहार गरी धेरै भवन र पूर्वाधारलाई क्षति पुर्‍याएको बताइएको छ।

हिजबुल्लाहले देशको दक्षिणमा हतियार ओसार्न प्रयोग गरेको आरोपमा लेबनानको लिटानी नदीमा रहेको पुललाई इजरायली वायुसेनाले आइतबार धस्त पारेको टाइम्स अफ इजरायलले जनाएको छ। लिटानीको कासमिया ब्रिजमा भएको आक्रमणले वेरुतबाट आक्रोशको सामना गर्नु परेको थियो, जसले यो कदमलाई खतरनाक भन्दै चेतावनी दिएको छ भने लेबनानमा इजरायललाई आक्रमण गर्नबाट रोक्न अन्तर्राष्ट्रिय समुदायलाई हस्तक्षेप गर्न अनुरोधसमेत गरेको छ।

टाइम्स अफ इजरायलका अनुसार कास्मिया पुल मार्च २ देखि इजरायलको हाक्रमणमा परेको पाँचौं पुल हो।

# राजविराज जेसीजलाई “संकल्प टु सक्सेस अवार्ड”



**दैनिक समाचारदाता**
**राजविराज, ९ चैत ।**

राजबिराज जेसीजले “संकल्प टु सक्सेस अवार्ड” प्राप्त गरेको छ। उत्कृष्ट कार्यसम्पादनलाई निरन्तरता दिँदै राजबिराज जेसीजले पुनः राष्ट्रिय स्तरमा सम्मान पाएको हो ।

राजबिराज जेसीजले हालै पोखरामा सम्पन्न कार्यक्रममा आफ्नो उत्कृष्टता कायम राख्दै “संकल्प टु सक्सेस अवार्ड” हात पार्न सफल भएको हो ।

यसअघि गत जनवरी महिनामा चितवनको सौराहामा राजविराज जेसीजले अवार्ड प्राप्त गर्न सफल भएको थियो ।

राजविराज जेसीजका वर्ष २०२६ का अध्यक्ष रवी कुमार रायका अनुसार सम्पूर्ण टिमको स्पष्ट रणनीति, सक्रिय सहभागिता तथा समर्पणका कारण यो उपलब्धि सम्भव भएको हो ।

उनले भने, “हामीले राजबिराजलाई राष्ट्रिय स्तरमै चिनाउने लक्ष्यका साथ काम गरिरहेका छौं, र त्यसकै परिणामस्वरूप लगातार सफलता प्राप्त भइरहेको छ ।”

यस उपलब्धिले राजबिराज जेसीजको संस्थागत क्षमता, नेतृत्व विकास तथा सामाजिक उत्तरदायित्व प्रतिको प्रतिबद्धतालाई थप सुदृढ बनाएको छ। साथै, यसले आगामी दिनमा अझ प्रभावकारी कार्यक्रमहरू सञ्चालन गर्ने प्रेरणा प्रदान गर्ने विश्वास गरिएको छ ।

# प्रतिवेदन सार्वजनिक गर्न महामन्त्री पौडेलको माग

काठमाडौँ, ९ चैत (रासस) ।

नेपाली कांग्रेसका महामन्त्री प्रदीप पौडेलले गौरीबहादुर कार्की नेतृत्वले बुझाएको प्रतिवेदन सार्वजनिक गर्न सरकारसँग माग गर्नुभएको छ। महामन्त्री पौडेलले सोमबार सामाजिक सञ्जालमा एक वक्तव्य जारी गरी जेनजी आन्दोलनका क्रममा गत भदौ २३ र २४ गतेका घटना छानबिनका लागि गठित आयोगबाट प्राप्त भएको प्रतिवेदन सार्वजनिक गर्न माग गर्नुभएको हो ।

“आयोगले प्रतिवेदन बुझाएको लामो समय भइसक्यो प्रतिवेदन सार्वजनिक नगरी गुपचुप राखिनु विडम्बना हो, यसले आशंका जन्माएको छ”, महामन्त्री पौडेलले भन्नुभयो। आयोगले दिएको प्रतिवेदन सार्वजनिक गर्नु सरकारको दायित्व र जिम्मेवारी भएको उहाँको भनाइ छ ।

महामन्त्री पौडेलले आइतबार सम्पन्न कांग्रेसको केन्द्रीय कार्यसमिति बैठकबाट पार्टीले प्रतिवेदन सार्वजनिक गर्न सरकारसँग माग गर्ने निर्णय गरेको स्मरण गराउनुभयो। उहाँले सरकारलाई यथाशीघ्र प्रतिवेदन सार्वजनिक गरेर आफ्नो दायित्व पूरा गर्न अनुरोध गर्नुभयो।

# घुस लिएका र चोरी मुद्दाका अभियुक्त पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ९ चैत ।**

सप्तरी प्रहरीले अदालतबाट कैद सजाय र जरिवाना तोकेर फरार रहेका दुई जना अभियुक्तलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा भ्रष्टाचार मुद्दाका घुस लिएका र चोरी मुद्दाका अभियुक्त छन्। प्रहरीले भ्रष्टाचार, घुस मुद्दामा ५ महिना १५ दिन कैद तोकिएका राजविराज ५ निवासी युगेश्वर यादवलाई पक्राउ गरेको छ ।

यस्तै प्रहरीले अदालतबाट चोरी मुद्दामा एक महिना कैद र ७५ हजार जरिवाना तोकिएको जिल्लाको शम्भुनाथ नगरपालिका ४ निवासी निरज कुमार ठाकुरलाई पक्राउ गरेको हो ।

पक्राउ परेका दुवै जनालाई आइतबार सप्तरी जिल्ला अदालतमा दाखिला गराएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं प्रहरी नायब उपरिक्षक डम्बर बहादुर पुरीले जानकारी दिए ।

# ज्येष्ठ सदस्य केसीले राष्ट्रपति समक्ष शपथ लिने

काठमाडौँ, ९ चैत (रासस)।

प्रतिनिधिसभाका ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीले राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष शपथ लिनुहुने भएको छ ।

ज्येष्ठ सदस्य केसीले राष्ट्रपति भवन शीतल निवासमा राष्ट्रपति पौडेलसमक्ष बुधबार बिहान ११:१५ बजे पद तथा गोपनीयताको शपथ लिने कार्यक्रम तय भएको राष्ट्रपतिको कार्यालयले जनाएको छ ।

नवनिर्वाचित सांसद केसीले सभामुख निर्वाचित नभएसम्म ज्येष्ठ सदस्यको हैसियतमा प्रतिनिधिसभा सञ्चालन गर्नुहुने छ । नेपाली कांग्रेसबाट समानुपातिकतर्फ निर्वाचित ७८ वर्षीय केसीले यही चैत १२ गते सङ्घीय संसद भवनमा प्रतिनिधिसभाका अन्य २७४ सांसदलाई पद तथा गोपनीयताको शपथ गराउनुहुनेछ ।

# आज अस्ताउँदो सूर्यलाई अर्घ दिइदै

**दैनिक समाचारदाता**
**राजविराज, ९ चैत ।**

चैती छठ पर्व अन्तरगत तेस्रो दिन मंगलबार अस्ताउँदो सूर्यलाई अर्घ दिइदै छ ।

चार दिनसम्म मनाइने यस पर्वको दोस्रो दिन सोमबार खरना गरिएको छ। दिनभरि उपवास बसिन्छ, यस दिनलाई ‘खरना’ भनिन्छ। गाईको गोबरले लिपपोत गरी अरबा चामलको पिठोबाट तयार पारिएको झोलले भूमि सुशोभित गरेर व्रती यो दिन दिनभरि उपवास बस्ने गर्छन्। खरनालाई पापको क्षय हुने दिन पनि भनिन्छ। यो दिन बेलुकीपख चन्द्र दर्शन गरिसकेपछि माटोको नयाँ चुल्होमा र माटोकै नयाँ भाँडोमा सख्खर, दूध र चामलको खीर पकाइन्छ। सो खीर केराको पातमा राखेर छठीमातालाई चढाइन्छ र चढाइसकेपछि व्रतीले प्रसादको रूपमा ग्रहण गर्छन्। परिवारका अन्य सदस्यहरूले पनि यसलाई प्रसादको रूपमा ग्रहण गर्ने चलन रहेको छ ।

यसअघि पहिलो दिन आइतबार नहाय खाय गरि पर्व प्रारम्भ भएको थियो ।

पर्वको तेस्रो दिन षष्ठी उपवास बसेका बतालुहरु साँझपख जलाशयमा गई अस्ताउँदो सूर्यको पुजा गर्ने गर्छन् र चौथो दिन बिहान पुनः जलाशयमा गई उदाउँदो सूर्यको पुजा गरि समाप्त हुन्छ ।

निर्धनता र निःसन्तानबाट मुक्ति पाउन एवम् मानव जातिको उत्थान गर्न र अरोग्यका लागि यो पर्व मनाउने गरिन्छ। सूर्यको आराधनाबाट चर्मरोग निको हुने, सन्तान र धनलाभ हुने जनविश्वास छ ।

# चालीस हजार स्थायी शिक्षकको व्यक्तिगत अभिलेख ‘डिजिटलाइजेशन’ गरियो

काठमाडौँ, ९ चैत (रासस) ।

राष्ट्रिय किताबखाना (शिक्षक) ले हालसम्म चालीस हजार स्थायी शिक्षकको व्यक्तिगत अभिलेख ‘डिजिटलाइजेशन’ गरेको छ ।

किताबखानाले गत आर्थिक वर्षमा २० हजार र चालु आवमा थप २० हजार शिक्षकको व्यक्तिगत अभिलेख ‘डिजिटलाइजेशन’ गरेको उपमहानिर्देशक दिनेश घिमिरेले जानकारी दिनुभयो। उहाँले यस आवको अन्त्यसम्म थप सात हजार शिक्षकको व्यक्तिगत सोहीअनुसार अभिलेख गर्ने लक्ष्य लिइएको बताउनुभयो।

किताकखानाले सामुदायिक विद्यालयमा नेपाल सरकारद्वारा स्वीकृत दरबन्दीमा कार्यरत स्थायी शिक्षकलाई निवृत्तिभरण, उपदान, उपचार खर्च, सञ्चित बिदाको रकम भुक्तानी, पारिवारिक निवृत्तिभरण, शैक्षिक तथा सन्तति वृत्तिलगायत सुविधाहरू उपलब्ध गराउँदै आएको छ। शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली, २०५९ मा व्यवस्था भएबमोजिम अवकाशप्राप्त शिक्षकले किताबखानाबाट पेन्सनपट्टा बनाउँछन्। कार्यरत शिक्षक ६० वर्ष उमेर पुगेपछि अनिवार्य अवकाश जाने व्यवस्था छ। सो संस्थाले वर्षमा दुई पटक (माघ र वैशाख) शिक्षकको अनुमानित अनिवार्य अवकाशको सूची प्रकाशन गर्दै आएको छ ।


तत्कालीन शिक्षा मन्त्रालयअन्तर्गत विभागस्तरीय कार्यालयको रूपमा स्थापना भएको विद्यालय शिक्षक किताबखाना मुलुकको शासकीयस्वरूप परिवर्तनपश्चात् हाल सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयअन्तर्गत सञ्चालनमा छ। उपमहानिर्देशक घिमिरेका अनुसार यस आवभित्र दुई हजार ८३ शिक्षकको अवकाश हुँदैछ ।

यसका अलावा किताबखानाले शिक्षकको सिटरोल दर्ता तथा प्रमाणीकरण, नोकरी विवरण अद्यावधिक, उमेर हदका कारण अनिवार्य अवकाश पाउने शिक्षकहरूको नामावली प्रकाशन, वार्षिक तलब विवरण पारित, निवृत्तिभरण कोषको सञ्चालन, सेवा अवधि गणनासम्बन्धी काम, सम्पत्ति विवरण दर्ता, शिक्षकको पदपूर्तिदेखि अवकाशसम्मका कार्य सम्पन्न गर्दै आएको छ ।

शिक्षा मन्त्रालयको शैक्षिक सूचना सँगालो, २०८१ अनुसार आधारभूत र माध्यमिक तहमा स्थायी शिक्षक ८३ हजार ९८९, अस्थायी शिक्षक २९ हजार ६९९ र राहत शिक्षक ३९ हजार ९६२ गरी एक लाख ५६ हजार ६४० शिक्षक सामुदायिक विद्यालयमा कार्यरत छन् ।

### *लामखुट्टे नियन्त्रणका ...*

औषधि छर्किने कार्य किन नगरिएको तथा यस कार्यमा ढिलाइ हुनुका वास्तविक कारणहरू के हुन् र वर्तमान गम्भीर अवस्थालाई ध्यानमा राख्दै तत्काल प्रभावकारी नियन्त्रणका लागि के कस्ता ठोस कदमहरू चालिनेछन् भन्ने विषयमा सम्बन्धित राजविराज नगरपालिकाबाट स्पष्ट, लिखित र तथ्यपरक स्पष्टीकरण उपलब्ध गराइदिन अनुरोध समेत गरिएको छ ।


राजबिराज नगरपालिका
१ नं.वडा कार्यालय
राजबिराज,सप्तरी
मधेश प्रदेश,नेपाल

च.नं. १९५५

विषय: - सुचना सूचना सूचना ।

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी राजबिराज नगरपालिका वाड नं. १० हाल १ बस्ने महमद अबदुल रशिद ले [illegible] नामसारी गर्ने सिफारिश गरि पाउँ भनि मिति २०८२।११।०९ गते मा द.नं. १०९१ को निवेदन दिएको हुदाँ [illegible] हक दावी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफनो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन [illegible] अन्यथा कानून बमोजिम भै जाने व्यहोरा जानकारी गराइन्छ ।

तपसिल

जिल्ला सप्तरी रा.बि.न.पा.१० हाल १ बस्ने श्रीमति सोदरा नाउको दर्ताको जग्गा

| जिल्ला | गा.बि.स./न.पा. | वार्ड न. | कि.न. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | दिघवा | ३ | ३५७ | ०-२-१३ |
| सप्तरी | दिघवा | ३ | ४७३ | ०-२-० |

चन्द्र शेखर चौधरी
वडा अध्यक्ष
रा.बि.न.पा वडा न.-१

सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं।



हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा

सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेबसाइट :** rajbirajdainik.com.np